# प्रस्तावित बैंकरको क्षतिपूर्ति बीमालेख सम्बन्धी निर्देशन

१) आधारभूत बीमाङ्क (Basic/Floating sum Insured) र थप बीमाङ्क (Additional sum Insured) कायम गर्दा थप बीमाङ्क आधारभूत बीमाङ्क भन्दा ३ (तीन) गुणा भन्दा बढी गर्न नपाईने ।

२) एकपटक बीमालेख जारी भएपछि बीमालेख अवधिभर बीमाङ्क थपघट गर्न नपाईने ।

३) एटीएम (ATM) तथा मोवाइल बैंकिङ्ग, शाखारहित बैंकिङ्ग, पोष्टल रजिष्टर्डबाट पठाइने मूल्यबान कागजातहरु (Valuable Documents) को बीमाङ्क रकमको सीमा (Limit) बीमितको आवश्यकता तथा सुरक्षा बिधि दृष्टिगत गरी बीमकले तोक्न सक्नेछ । यस्तो सीमा बारे बीमालेखको सम्पुष्टि (Endorsement) खण्डमा उल्लेख गरेको हुनु पर्दछ । साथै बैंकको स्वीकृति सूचीमा परेको धितो मूल्यांकनकर्ताको बेइमानी तथा आपराधिक कार्यबाट बीमितलाई पर्न जाने हानी नोक्सानीको सुरक्षण बीमकले तोकेको रकम वा आधारभूत बीमांकको निश्चित प्रतिशत भन्दा बढी नहुने गरी बीमालेखको अनुसूचीको सम्पुष्टि खण्डमा उल्लेख गरी समावेश गर्न सकिनेछ ।

४) बैंकरको परिसर तथा नगर स्थानान्तरणमा बीमित बैंकले अपनाउनु पर्ने सुरक्षा बिधि तथा व्यवस्थाहरु बारे नेपालको प्रचलित ऐन कानून तथा पुर्नबीमकहरुको शर्त तथा आवश्यकता अनुसार बीमालेखको अनुसूचीको सम्पुष्टि खण्डमा उल्लेख गरेको हुनु पर्दछ ।

५) बीमालेखले सुरक्षण गर्ने धितोको रुपमा राखिएको सुनचांदीको अलाव वुलियन (Bullion) को सुरक्षण समावेश गर्नु परेमा बीमालेखको बीमाङ्कको सीमा भित्र पुनर्बीमकको स्वीकृति लिई बीमालेख जारी हुंदाको बखतमा नै अनुसूचीको सम्पुष्टि खण्डमा समावेश गरिएको हुनु पर्नेछ ।

६) निष्ठा जवानी (कर्मचारीको वेइमानीबाट हुने क्षति) को सुरक्षणको लागि बीमितको कूल कर्मचारी संख्यामा प्रति कर्मचारीको थप रु. १० बीमाशुल्क लिने र सो रकम बीमाशुल्क गणनामा देखाउनु पर्ने ।

७) बीमालेखले अपवाद गरेका कुनै जोखिम थप (Writerback) गर्नु परेमा पुनर्बीमकको मन्जुरी तथा दर तोकिएकोमा सोही बमोजिम र नतोकिंएकोमा उपयुक्त बीमाशुल्क लिई बीमालेख जारी हुंदाको बखतमा नै अनुसूचीको सम्पुष्टि खण्डमा समावेश गरिएको हुनु पर्नेछ । साथै जोखिम समूह ( हुलदंगा, द्वेशपूर्ण कार्य तथा आतंकबाद) को बीमा पनि सोही अनुरुप बीमालेखको सुरुमा नै आकस्मिक बीमोकोषको दर तथा शर्त बमोजिम समावेश गरिएको हुनु पर्दछ ।

८) बीमालेखको अवधि भित्र खोलिने थप शाखा तथा एटिएमहरु समेत समावेश (Held covered) भएको व्यहोरा बीमालेखको जारी हुंदाको बखतमा नै सम्पुष्टि खण्डमा समावेश गरिएको हुनु पर्नेछ ।

९) बीमालेखमा परिसर, पारवहन तथा अन्य सुरक्षणहरुमा लाग्ने अधिक (Excess/Deductible) हरुको सन्दर्भमा बीमकको अनुभव पुनर्बीमकको आवश्यकता वमोजिम गर्ने ।

बीमा समिति-२०६१
Insurance Board